# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྐྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यापालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु ।

प्रदेश नं. १ नेपाल

प.सं. २०७८।७९

च.नं.

मिति :२०७८।१२।२४

विषय : किसान सूचीकरण कार्यक्रम अन्तर्गत सहजकर्ता छनौटका लागि आवेदन दिने सम्बन्धी सूचना ॥

प्रस्तुत विषयमा सोलुदुधकुण्ड नगरपालिका,कृषि शाखाको आ.व.०७८।७९ वार्षिक स्वीकृत सशर्त तर्फको कृषक दर्ता व्यवस्थापन कार्यक्रम अनुसार किसान सुचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अन्तर्गत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन,२०७५ को दफा १४ को उपदफा (१)कार्यान्वयनका लागि किसानको पहिचान गरि सरकारी तवरबाट किसानलाई उपलब्ध गराईने सेवा सुविधाको पारादर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु विद्युतीय प्रणालीमार्फत संकलन गरि किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै उक्त किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्नका लागि जारी गरिएको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को परिच्छेद ७ को दफा १९ को उपदफा २ मा व्यवस्था भए बमोजिम किसान परिवारको वैयक्तिक तथा कृषि तथ्यांक संकलन /प्रविष्टको लागि हरेक वडामा सहजकर्ता छनौट गर्ने प्रावधान भए अनुसार यस नगरपालिकाको वडा नं.५,६,७ मा सहजकर्ता नियुक्तिका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले आवश्यक विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा यस नगरपालिकाको कृषि शाखामा आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सहजकर्ताको सेवा सुविधा परिच्छेद ७ को दफा २० को उपदफा २ मा व्यवस्था भए बमोजिम हुनेछ । म्याद नाघी वा रीत नपुगी आएका आवेदन उपर कुनै कारवाही गरिनेछैन ।

तपसील :

१. आवश्यक योग्यता :

- न्युनतम १२ कक्षा उतीर्ण गरेको । (कृषि वा भटेरीनरी विषयमा TSLC गरेकोलाई प्राथमिकता दिईनेछ । )
- इन्टरनेट चलाउन सक्ने ।
- एन्ड्रेइड वा स्मार्ट फोन वा ट्याब्लेट वा ल्याप्टप भएको ।

२.आवेदन साथ पेश गर्नुपर्ने कागजात :

- निवेदन
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि
- सम्बन्धित वडाको हो भनि वडा कार्यालयको सिफारिस ।
- कार्यअनुभव भए सोको प्रमाण-पत्रको प्रातिलिपि ।

३. आवश्यक संख्या : ६ जना

४.छनौटको किसिम : अन्तवार्ता र कम्प्युटर सीप परिक्षण

थप जानकारीको लागि

९८६३५४२६३९

पुरुषोत्तम अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

पुरुषोत्तम अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

Phone No-038520264,Fax No-038520248 Website -www.solududhkundamun.gov.np
Email- solududhkundamun@gmail.com

"स्वच्छ र सक्षम निजामती प्रशासन :समृद्धि र सुशासन"